## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १४ जून २०२६

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोले आज नीसमा इन्डिया इनोभेट्स कार्यक्रमको संयुक्त रूपमा उद्घाटन गर्नु भयो।
- पश्चिम बंगालका मुख्यमन्त्रि सुभेन्दु अधकारी १६ जुनको दिन दार्जिलिंग जिल्लाको खर्सांगमा आउनु हुनेछ।
- सिलिगुडीको प्रधाननगरका संस्थापक स्वर्गीय पुण्यप्रसाद प्रधान तथा गुरुङ बस्तीका संस्थापक स्वर्गीय बाघबीर गुरुङको सलिगको अनावरण आज राज्य पर्यटन मन्त्रि शंकर घोषको बाहुलीबाट गरियो।
- अन्तराष्ट्रिय ब्लड डोनर डेको अवसरमा इण्डियन रेडक्रस सोसाइटी, खरसाङ शाखाले आज श्री सत्य साई खरसाङ समिति भवनमा रक्तदान शिविर आयोजना गऱ्यो।
- फिफा विश्वकपमा आज जर्मनीले अमेरिकाको ह्युस्टनमा ग्रुप ई मा कुरासाओ सँग खेल्नेछ। खेल भारतीय समय अनुसार राति १०बजेर ३० मिनेटमा सुरु हुनेछ।

**प्रधानमन्त्रीको नीस भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोले आज नीसमा 'इन्डिया इनोभेट्स' कार्यक्रमको संयुक्त रूपमा उद्घाटन गर्नु भयो। भारत-फ्रान्स नवप्रवर्तन वर्षको एक भागको रूपमा आयोजित यस कार्यक्रममा विभिन्न देशका शीर्ष नवीन स्टार्टअपहरू र उद्यम पूँजीपतिहरूको सहभागिता देखियो। कार्यक्रममा उन्नत कम्प्युटिङ, अर्धचालक, कृत्रिम बुद्धिमत्ता र क्वान्टम प्रविधि, अन्तरिक्ष, स्वच्छ ऊर्जा, र जैव प्रविधि सहित १३ प्रमुख क्षेत्रहरूमा नवप्रवर्तनहरू प्रदर्शन गरिएको थियो। यस अवसरमा बोल्नु हुँदै प्रधानमन्त्री मोदीले भारत र फ्रान्स बीचको बलियो सम्बन्धलाई प्रकाश पार्नु भयो। उहाँले उल्लेख गर्नु भयो कि धेरै देशहरू बीच व्यापार र रणनीतिक सहयोग अवस्थित भए पनि, केही सम्बन्धहरू मात्र साझा दृष्टिकोण र साझा हितद्वारा संचालित छन्। प्रधानमन्त्रिले भारत-फ्रान्स साझेदारीलाई पारस्परिक विश्वास, साझा मूल्यमान्यता र भविष्यको लागि साझा दृष्टिकोणमा आधारित स्थायी बन्धनको रूपमा वर्णन गर्नु भयो। उहाँले भन्नु भयो नवप्रवर्तन, प्रविधि र भारतका युवाहरूको आकांक्षाले देशको विकासलाई गति दिइरहेको छ। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोले फ्रान्समा यो विशेष पहल आयोजना गर्नु फ्रान्सको लागि सम्मानको कुरा भएको बताउनु भयो। उहाँले भन्नु भयो विश्वले भारतलाई केवल अपार प्रतिभाले सम्पन्न राष्ट्रको रूपमा मात्र नभई नवप्रवर्तनको केन्द्र र प्रविधिको क्षेत्रमा क्रान्तिकारी शक्तिको रूपमा पनि हेर्ने गर्छ। राष्ट्रपति म्याक्रोले भारतका अग्रणी स्टार्टअप र नवप्रवर्तकहरूलाई प्रदर्शन गर्न र विश्वव्यापी लगानीकर्ता र उद्यमीहरूसँग साझेदारीलाई बढावा दिन साझेदार देशको रूपमा छनोट हुनु फ्रान्सको लागि गर्वको स्रोत भएको बताउनु भयो।

**सुभेन्दु अधिकारि दार्जिलिंग भ्रमण**

राज्यको मुख्यमन्त्री मुख्यमन्त्रि सुभेन्दु अधकारी १६ जुनको दिन दार्जिलिंग जिल्लाको खर्सांगमा आउनु हुनेछ| प्राप्त जानारी अनुसार खर्सांगको चांदमारी सेना मैदानमा हेलिकोप्टर द्वारा बिहान आउनु हुनेछ र त्यहाँ बाट गोथल्स जानु हुनेछ| गोथल्समा प्रशासनिक बैठक तथा विभिन्न सरोकारवालाहरु सित भेट गर्नु हुनेछ| मुख्यमन्त्रि बने पछि यो उहाँको पहिलो दार्जिलिंग पहाड भ्रमण हुनेछ| उहाँको यस भ्रमणमा पहाडको विकास तथा अन्य समस्या समाधान विषयहरुमा गहन छलफल गरिने स्रोतहरुले जनाएका छन्|

**दिलिप घोष- मन घिसिङ भेट**

राज्यको ग्रामीण विकास तथा पंचायती राजमन्त्री श्री दिलिप घोषसित गोर्खा राष्ट्रीय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङले हिज दार्जीलिङमा भेट गरे। मन घिसिङले जनाए अनुसार दुवै बीचको भेटघाटमा दार्जीलिङ पहाड़का वर्तमान परिस्थिति विकास र दीर्घकालिक समस्या समाधान विषयमा कुराकानी गरियो। मन घिसिङ अनुसार पहाड़, तराई र डुवर्सको

जनआकांक्षाहरू तथा राजनीतिक समाधानका विषयहरू बारे छलफल गरियो। उहाले पहाड़को विकास, जनहितका मुद्दाहरू अनि पंचायती राज व्यवस्था सुदृढ़ीकरण, पशुधन संरक्षण तथा ग्रामीण विकासका मुद्दाहरूमा श्री घोषसित सार्थक चर्चा भएको बताएका छन्। हिज साझ गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष विमल गुरुङले पनि राज्यका क्याबिनेट मन्त्री श्री दिलिप घोषको दार्जीलिङमा स्वागत गर्नुभयो। श्री घोष र विमल गुरुङ बीच पहाड़को राजनीतिक परिवेश, समस्या समाधानका उपायहरू तथा जीटीए सम्बन्धित विषयहरूमा विचार विमर्श भएको गोजमुमो श्रोतहरूले बताएका छन्। आज गोर्खा जनमुक्ति मोर्चाका नेता रोशनले गिरीले पनि मन्त्री दिलिप घोषसित भेट गर्नुभयो। दुवै बीच क्षेत्रका मानिसकरूको जनभावना बारे छलफल गरियो। श्री घोष तीन दिवसीय दार्जीलिङ जिल्ला भ्रमणमा १२ जूनको दिन सिलगढ़ी आउनु भएको हो।

**अभिषेक-सीआईडी पूछताछ**

पश्चिम बंगालमा अपराध जांच विभाग- सीआईडी तृणमूल कांग्रेस विधायकहरुको हस्ताक्षर जालसाजी मामलामा पार्टी सांसद अभिषेक बंदोपाध्यासित सोधपूछ गरिरहेको छ। अभिषेक आज कोलकातामा सीआईडी मुख्यालय भबानी भवन पुगेका छन्। कलकत्ता उच्च न्यायालयको आदेशमा सीआईडीले यस मामलाको जांच गरिरहेको छ। आरोप छ राज्य विधानसभा चुनाव पछि विपक्षका नेताको चयनको लागि अभिषेक बंदोपाध्यायले तृणमूल कांग्रेसका नव-निर्वाचित विधायकहरुको हस्ताक्षरमा जालसाजी गरेका छन्। अभिषेक ब्यानर्जीसित गत शुक्रवार पनि यस मामला सोधपूछ गरिएको थियो।

**सिलगढ़ी शालिग अनावरण**

पश्चिम बंगालका पर्यटन तथा संसदीय कार्य मन्त्री शंकर घोषले आज सिलगढ़ीको प्रधान नगर स्वर्गीय पुण्य प्रसाद प्रधान तथा गुरुङ बस्तीको संस्थापक बाघबिर गुरुङको शालिग अनावरण गर्नुभयो। यस अवसरमा बोल्दै डा. शंकर घोषले भन्नुभयो, प्रधान नगर र गुरुङ बस्तीको स्थापना र नामकरणको इतिहास अहिलेको पीढ़िले जान्ने अवसर पाउने छन्। इतिहासको संरक्षणका लागि यो एउटा राम्रो पहल हो भनी उहाले भन्नुभयो। उहोल अझ भन्नुभयो

*बाइट- शंकर घोष*

यस अवसरमा राज्यका गृह तथा पार्वतीय मामिला राज्यमन्त्री विशाल लामा उपस्थित हुनुहुन्थ्यो। आफनो सम्बोधनमा उहाले यसलाई प्रशंसनीय कार्य बताउनु भयो। सिक्किमको मुख्यमन्त्रीको प्रतिनिधिको रूपमा सल्लाहकार जैकब खालिङ पनि उपस्थित थिए। खरसाङका विधायक सोनाम लामा, गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष विमल गुरुङ तथा आई.जी.जे.एफ अध्यक्ष अजय एडवर्ड पनि यस समारोहमा उपस्थित थिए। भानुभक्त समितिको प्रयासमा यी शालिगहरूको निर्माण गरिएको हो। आज धेरै संख्यामा उपस्थित मानिसहरूको भेलामा यी शालिगहरूको अनावरण गरिएको हो।

**टी.एम.सी रिबेल एम.पी**

टी.एम.सी-का २० सांसदहरूले आज नया दिल्लीमा केन्द्रीय मन्त्री तथा भाजपाका वरिष्ठ नेता भूपेन्द्र यादवको घरमा गएर उहासित भेटवार्ता गरेका छन्। टीएमसीकी बागी सांसद काकोली घोषको नेतृत्वमा यी सांसदहरूले बीजेपी नेता भूपेन्द्र यादवसित भेट गरेका हुन्। भेट गर्ने टीएमसी सांसदहरू मध्ये विवादित सांसद सायोनी घोष पनि सामेल छन्। सुदिप बन्धोपाध्याय पनि यस गुटमा सामेल छन्। यी बागी सांसदहरूले लोकसभा अध्यक्ष ओम बिड़लासित भेट गरी संसदमा छुट्टै गुटको रूपमा मान्यता दिने अनुरोध गर्न सक्ने सूत्रहरूले बताएका छन्। अर्कोतिर राज्यका पूर्व मुख्यमन्त्री तथा टीएमसी अध्यक्षा ममता ब्यानर्जीले सायोनी घोषलाई पार्टीको सबै पदहरूदेखि हटाइ दिएका छन्।

**मानस भुइयाँ राजिनामा**

पश्चिम बंगालको राजनीतिमा तृणमूल कांग्रेसलाई अर्को ठूलो धक्का लागेको छ। सात पल्ट विधायक रहेका अनि पूर्व राज्यमन्त्री मानस भुइयाँले तृणमूल कांग्रेसको प्राथमिक सदस्यताबाट राजीनामा दिनु भएको छ। पार्टी प्रमुख ममता बनर्जीलाई सम्बोधन गरिएको राजीनामा पत्रमा उहाँले तृणमूल कांग्रेस आफ्नो राजनीतिक मूल्यमान्यता र सिद्धान्तहरूबाट टाढा जाँदै गरेको बताउनु भएको छ। स्मरण रहोस्, मानस भुइयाँ २०१६ मा भारतीय राष्ट्रिय कांग्रेससँगको लामो राजनीतिक यात्रा छोडेर तृणमूल कांग्रेसमा प्रवेश गरेका थिए।

**नड्डा – विश्व रक्तदाता दिवस**

आज विश्व रक्तदाता दिवस हो। केन्द्रीय स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले विश्व रक्तदाता दिवसको अवसरमा स्वेच्छिक रूपमा रक्तदान गर्न मानिसहरूलाई आग्रह गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री नड्डाले रक्तदान व्यक्तिलाई नयाँ जीवन दिने सबैभन्दा प्रभावकारी र महान अवसर भएको बताउनु भएको छ। उहाँले रक्तदानको महत्त्वको बारेमा जागरूकता जगाउनु पर्ने आवश्यकता रहेको बताउनु भयो। यस वर्षको विश्व रक्तदाता दिवसको विषयवस्तु  मानवता की एक बूंद रक्तदान करें  जीवन बचाएं रहेको छ। सुरक्षित रगतको महत्त्वको बारेमा जागरूकता जगाउन र स्वैच्छिक रक्तदानलाई प्रोत्साहित गर्न प्रत्येक वर्ष १४ जुनमा विश्व रक्तदाता दिवस मनाइन्छ।

**ब्लड डोनर डे**

अन्तराष्ट्रिय ब्लड डोनर डेको अवसरमा इण्डियन रेडक्रस सोसाइटी  खरसाङ शाखाले आज यहाँको श्री सत्य साई खरसाङ समिति भवनमा एक कार्यक्रमको आयोजना गऱ्यो। इण्डियन रेडक्रस सोसाइटी खरसाङका सचिव बिजयसिंह सिन्चुरीले सञ्चालन गरेको कार्यक्रममा खरसाङ ब्लड ब्याङ्कका मेडिकल अफिसर डाक्टर पार्थ कुण्डु पोद्धारले अन्तराष्ट्रिय ब्लड डे बारे जानकारी गराउनु भयो। उहाँले रक्तदान गर्नुको महत्त्व र यसको फाइदाबारे पनि जानकारी दिनु भयो। यसै अवसरमा एक रक्तदान शिविरको पनि आयोजना गरिएको थियो जसमा 14 पुरूष अनि 11 महिला गरी मोठ 25 जनाले स्वेच्छापूर्वक रक्तदान गरेका छन्। यस रक्तदान शिविरलाई सञ्चालन गर्नको निम्ति खरसाङ ब्लड ब्याङ्कबाट टेक्निशियनहरू उपस्थित रहेका थिए। यस कार्यक्रममा खरसाङ क्षेत्रका विभिन्न सङ्घ  संस्था तथा समाज अनि विद्यालयका प्रतिनिधिहरू  शिक्षक  शिक्षिकाहरू विद्यार्थीहरू तथा रेडक्रस सोसाइटी  खरसाङका प्रतिनिधि अनि सदस्यहरू उपस्थित थिए।

**रथयात्रा**

जुलाई १६ मा सिलिगुडीको इस्कन मन्दिरमा हुने जगन्नाथ रथयात्राको तयारी सुरु भएको छ।

*आज परम्परागत अनुष्ठान, प्रार्थना र शुभ आह्वान समारोहको साथमा कार्यक्रमको औपचारिक उद्घाटन गरियो। बंगलादेशबाट आउनु भएको भक्तिविनय स्वामी महाराजको यस अवसरमा विशेष रूपमा उपस्थिति रहेको थियो। इस्कन मन्दिरका अध्यक्ष अखिल आत्मा प्रिया प्रभु लगायत धेरै भक्तजनहरूले पनि कार्यक्रममा भाग लिएका थिए। भक्तिगीत, हरिनाम संकीर्तन र विशेष आरती मार्फत भगवानको पूजा गरिएको थियो। इस्कनका नामकृष्ण दास प्रभुले रथयात्राको लागि रथ निर्माण र सजावटको काम सुरु भइसकेको बताउनु भयो। विशाल काठको रथलाई रंग, बत्ती र अन्य आकर्षक सजावटले सजाइनेछ। रथयात्राको दिन, भगवान जगन्नाथ, बलराम र सुभद्रालाई बोकेको रथले सिलिगुडी शहरको मुख्य सडकहरूको परिक्रमा गर्नेछ। हजारौं भक्तजनहरूले जुलुसमा भाग लिने अपेक्षा गरिएको छ। प्रशासनले कार्यक्रमको लागि सुरक्षा र रसदको बारेमा पनि विशेष व्यवस्था गर्नेछ।*

**अवैध टोल असुली**

डाबग्राम-फुलबारी निर्वाचन क्षेत्रकी भाजपा विधायक शिखा चटर्जीले आज फुलबारी बाइपासमा अवैध टोल असुली विरुद्ध कारबाही गर्दै, व्यक्तिगत रूपमा स्थलगत भ्रमण गर्ने क्रममा संकलन प्रक्रियामा रोक लगाउनु भयो। उहाँले फुलबारी बाइपास देखि फुलबारी-घोषपुकुर सडकसम्मको खण्डमा सिलीगुड़ी-जलपाईगुड़ी विकास प्राधिकरण (एसजेडीए) को नाममा विभिन्न प्रकारका वाहनहरूबाट अवैध रूपमा टोल असुली भइरहेको आरोप लगाउनु भयो।  विधायक चटर्जीले भन्नु भयो अवैध रूपमा पैसा सङ्कलन भइरहेको गुनासोहरु उहाँकोमा आइरहकोले यो कारबाही गरिएको हो र भविष्यमा टोल सङ्कलन पुनः सुरु गर्ने प्रयास गरिएमा कडा कारबाही गरिनेछ।

**भाजपा डेलो घटना विरोध**

भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले कालेबुङको पर्यटकीय स्थल डेलोमा घटेको घटनाको घोर विरोध गर्नु भएको छ। उहाँले डेलो घटना विषयमा पत्रकारहरुसित कुराकानी गर्दै भाजपाको नाम गरेर धम्काउने व्यक्तिको विषयमा आफुहरुले राज्य भाजपा कमिटीमा पनि सोधपुछ गरेको तर उक्त व्यक्ति भाजपाको नभएको बताउनु भएको छ। उहाँले भाजपाको नाममा प्रयोग गरेर सरकारी कर्मचारी साथै जनतालाई धम्काउने काम गर्छ भने सहन नगरिने श्री लामाले बताउनु भयो। श्री लामाले यस घटनालाई लिएर उक्त व्यक्ति विरुद्ध भाजपाले कालेबुङमा प्राथमिकी दर्ता गरेको जानकारी दिनु भयो।

**<u>सैनिक वेलफेयर भवन</u>**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट खरसाङमा भूतपूर्व सैनिक वेलफेयर सोसाइटीको सामूहिक भवनको उद्घाटन गरिएको छ। यस भवन खरसाङ सिचाई एवं जलपथ विभागद्वारा आज भूतपूर्व सैनिक वेलफेयर सोसाइटीको निम्ति नव निर्मित सामूहिक भवनको औपचारिक उद्घाटन गरिएको छ।

**<u>विश्व कप</u>**

विश्व कप फूटबल २०२६ मा आज अमेरिकाको ह्युष्टनमा ग्रुप ई को म्याचमा जर्मनी अनि क्यूरूसा बीच भीड़न्त हुनेछ। भारतीय समय अनुसार यो म्याच राती १० बजेर ३० मिनटमा शुरू हुनेछ। विश्व कपमा आज हुन गइरहेको अर्को म्याचमा ग्रुप एफ मा रहेका निदरल्याण्ड अनि जापान एक-अर्का विरूद्ध खेल्नेछन्। यो म्याच भारतीय समय अनुसार राती १ बजेर ३० मिनटमा शुरू हुनेछ। भारतीय समय अनुसार आज बिहान ६ बजेर ३० मिनटमा भएको एउटा म्याचमा अष्ट्रेलियाले तुर्कीलाई शून्यको विरूद्ध २ गोल गरेर पराजित गरेको छ। भारतीय समय अनुसार बिहान ६ बजेर ३० मिनटमा स्क्टल्याण्ड अनि हैती बीच भएको म्याचमा स्टकल्याण्डले हैतीलाई १-० ले पराजित गरेको छ। यस्तै प्रकारले भारतीय समय अनुसार आज बिहान ३ बजेर ३० मिनटमा ब्राजील अनि मोरोक्को बीच भएको रोमान्चक म्याच १-१ को बराबरीमा रहयो। विश्व कप फूटबल प्रतियोगिता देश विदेश साथै दार्जीलिङ पहाड़मा पनि धेरै लोकप्रिय रहेको छ। पहाड़का वृद्ध वरिष्ठ साथै युवा वर्गमा पनि फूटबल खेल र विशेष गरी विश्व कप फूटबल धेरै मनपर्दो अनि लोकप्रिय प्रतियोगिता हो।

**********